

# बालबच्चा भएका सबै अभिभावकहरु लाई

## ~जापानका विद्यालयहरूमा भर्ना गर्ने प्रक्रियाहरू बारे~

(नोभेम्बर 2024 को अनुसार)



**[जापानका प्राथमिक विद्यालय र माध्यमिक विद्यालयहरू]**
**यदि कुनै विदेशीका बच्चा सार्वजनिक प्राथमिक विद्यालय वा जुनियर हाई स्कूलमा भर्ना हुन चाहन्छ भने, आवेदन दिए,जापानी बच्चाहरु सरह शिक्षा प्राप्त गर्न सक्नुहुन्छ।**

●प्राथमिक विद्यालय/जुनियर हाई स्कूलको अवधि ●

जापानमा, बच्चाहरूले छैटौं वर्षको उमेरको पहिलो अप्रिलदेखि प्राथमिक विद्यालयमा भर्ना हुन सक्छन्, र ६ वर्षको शिक्षा प्राप्त गर्छन । प्राथमिक विद्यालयबाट उत्तीर्ण भएपछि, विद्यार्थीहरूले जुनियर हाई स्कूलमा प्रवेश गर्छ र तीन वर्षको शिक्षा प्राप्त गर्छन ।

●ट्युसन शुल्क र पाठ्यपुस्तकहरूको सम्बन्धमा ●

सार्वजनिक प्राथमिक र जुनियर हाई स्कूलहरूमा कक्षा र पाठ्यपुस्तकहरूको लागि कुनै शुल्क लाग्दैन। स्कूल मा प्रयोग गरिने जिम युनिफर्मको खर्च बेहर्न पर्छ।

●विद्यालय सहायता बारे ●

यदि तपाइँसँग विद्यालयमा तिर्नको लागि पैसा छैन भने, तपाइँ विद्यालयमा आवेदन दिन सक्नुहुन्छ र तपाइँलाई विद्यालयमा प्रयोग गर्न आवश्यक चीजहरूको लागि सहयोग प्राप्त गर्न पनि सकिनेछ। (यदि तपाईंको आम्दानी उच्च छ भने आर्थिक सहायता प्रदान गरिने छैन।)

●विद्यालयमा जापानी भाषा सहायताको बारेमा ●

यदि तपाइँ पहिलो पटक जापानी विद्यालयमा जाँदै हुनुहुन्छ भने, हामी विदेशी भाषा (अंग्रेजी बाहेकको भाषा) बोल्न सक्ने व्यक्तिलाई पठाउनेछौं। पहिलो वर्षमा हप्तामा दुई पटक, दोस्रो वर्षमा हप्तामा एक पटक।
थप रूपमा, अन्य विद्यालयका जापानी शिक्षकहरू जापानी भाषा शिक्षा प्रदान गर्न नियमित रूपमा विद्यालयमा आउने गर्दछन्।

<आवेदन गर्ने तरिका >

खागायाकी प्लाजा किराराको चौथो तल्लामा रहेको स्कूल सपोर्ट डिभिजनमा कृपया अभिभावक र बच्चाको आवास कार्ड वा विशेष स्थायी बासिन्दाको प्रमाणपत्र ल्याउनुहोस् र आफ्नो बच्चालाई प्राथमिक विद्यालय वा जुनियर हाईमा भर्ना गराउन चाहनुहुन्छ भने आवेदन फारम भर्नुहोस्।

* खागायाकी प्लाजा किरारा जाने दिशा निर्देशनहरूको लागि, कृपया पछाडिको गाइड नक्सा हेर्नुहोस्।

* यदि आमाबाबु बाहेक अरू कसैले आवेदन दिन हुन्छ भने, आमाबाबुहरू मध्येबाट मंजुरिनामा आवश्यक छ।

सोधपुछको लागि, कृपया सम्पर्क गर्नुहोस्: हिराकाटा शहर शिक्षा समिति सचिवालय, स्कूल सहयोग डिभिजन)

TEL　050-7105-8043
FAX　072-851-2187

# The Map of “Kagayaki Plaza Kirara” Building




◎ रेल द्वारा

केहान रेलवे माकिनो स्टेशनमा ओर्लेर करिब २० मिनेट हिदाई।

◎ बस द्वारा

हिराकाताशी स्टेसन उत्तर द्वार केइहान बस प्लेटफर्म ३ बाट, ⑫ Kita-Katahoko वा ⑬ Ogurachou - जाने बस लिनुहोस्, र Katahoko/Central Library बस स्टपमा ओर्लनुहोस्।

अलिकति हिड्ने ।

◎ कार द्वारा

"पार्किङ छ।"